## नेपाल रिपब्लिक मिडिया लिमिटेडको

# विशेष साधारण सभा सम्बन्धी सूचना

प्रथम पटक प्रकाशित मितिः २०८२।०८।२२

यस नेपाल रिपब्लिक मिडिया लिमिटेडको संचालक समितिको मिति २०८१/०७/२१ गते आईतबार बेलुका ५:०० बजे बसेको संचालक समितिको बैठकको निर्णय बमोजिम बोलाईएको कम्पनीको **बिषेश साधारण सभा** निम्न विषयहरु उपर छलफल गर्न देहाय बमोजिमको मिति, स्थान र समयमा बस्ने भएको हुँदा सम्पूर्ण शेयरधनी महानुभावहरुको जानकारीको लागि यो सूचना प्रकाशित गरिएको छ। यस सम्बन्धी सूचना कम्पनीको वेबसाईट www.nepalrepublicmedia.com मा समेत प्रकाशन गरिएको छ। यसैलाई सूचना मानी विशेष साधारण सभाको कार्यक्रममा सहभागी हुनका लागि हार्दिक अनुरोध गरिन्छ।

**विशेष साधारण सभा बस्ने मिति, समय र स्थानः**

मितिः २०८२ पुष ८ गते, मंगलबार (तद्नसार २३ डिसेम्बर २०२५)

समयः बिहान १०:३० बजे, उपस्थिति पुस्तिका बिहान ९:३० बजे देखि नै खुल्ला राखिने छ।

स्थानः अर्पण ब्याङ्क्वेट, नयाँबानेश्वर काठमाडौं।

**विशेष साधारण सभाको छलफलका विषयहरुः**

१. विशेष प्रस्तावः

क) कम्पनीको नियमावलीमा आवश्यक संशोधनहरु गर्ने सम्बन्धी विशेष प्रस्ताव पारित गर्ने सम्बन्धमा।

ख) माथि विशेष प्रस्ताव (१) को प्रस्तावित संशोधनमा नियमकारी निकायहरुबाट कुनै फेरबदल वा संशोधन वा परिमार्जनका लागि निर्देशन वा सुझाव आएमा सोही बमोजिम गर्न गराउन संचालक समितिलाई अख्तियारी दिने सम्बन्धमा

२. विविधः

**संचालक समितिको आज्ञाले**
**कम्पनी सचिव**

**विशेष साधारण सभा सम्बन्धी जानकारी**

१) उल्लेखित कम्पनीको विशेष साधारण सभामा भाग लिने प्रयोजनको लागि कम्पनीको शेयरधनी दर्ता किताब मिति २०८२/०९/०१ गते एक दिनका लागि बन्द रहनेछ। शेयरधनी दर्ता किताब बन्द भएको भन्दा अघिल्लो दिनसम्म नेपाल स्टक एक्सचेन्ज लि. बाट कारोबार भई यस कम्पनीको शेयर रजिष्ट्रार एन.आइ.एम.बि.एस. क्यापिटल लिमिटेड, काठमाडौंमा प्राप्त शेयर नामसारीको आधारमा शेयरधनी दर्ता किताबमा कायम शेयरधनीहरुले यो सभामा भाग लिनसक्ने व्यहोरा यसै सूचनाद्वारा जानकारी गराइएको छ।

२) विशेष साधारण सभामा उपस्थित भई भाग लिन इच्छुक शेयरधनी महानुभावहरुको सुविधाको लागि हाजिरी किताब सभा शुरु हुनु भन्दा १ (एक) घण्टा अगावै देखि खुला रहनेछ।

३) सभामा भाग लिन ईच्छुक शेयरधनीले सभा हुने दिन सभा शुरु हुनुभन्दा पहिला नै उपस्थित भई हाजिर पुस्तिकामा हाजिरी गर्नुपर्ने छ। सभामा प्रवेशका लागि DMAT Account No. तथा आफ्नो परिचय खुल्ने कुनै परिचय पत्रको प्रतिलिपी अनिवार्य रुपमा लिई आउनु हुन अनुरोध छ, अन्यथा सभा कक्ष भित्र प्रवेश गर्न पाइने छैन।

४) सभामा भाग लिन, छलफल गर्न र मतदान गर्नको लागि प्रतिनिधि (प्रोक्सी) नियुक्त गर्न चाहने शेयरधनीले सो सम्बन्धी निवेदन सभा शुरु हुनु भन्दा ४८ घण्टा अगावै प्रतिनिधि पत्र (प्रोक्सी) यस कम्पनीको रजिष्टर्ड कार्यालय सुन्धारामा बुझाई सक्नुपर्नेछ र यसरी प्रतिनिधि नियुक्त गरिएका व्यक्ति कम्पनीको शेयरधनी हुनु आवश्यक हुनेछ।

५) प्रतिनिधि (प्रोक्सी) नियुक्त गर्दा एकभन्दा बढि व्यक्तिलाई शेयर विभाजन गरी वा अन्य कुनै किसिमबाट छुट्टाएर वा कुनै शेयरधनीले एकभन्दा बढी शेयरधनीहरुलाई प्रतिनिधि बनाई नियुक्त गरी दिईएको प्रतिनिधि पत्र (प्रोक्सी) स्वतः खारेज हुनेछ र कुनै शेयरधनीले प्रतिनिधि नियुक्त गरी आफू स्वयम् उपस्थित भएमा त्यस्तो प्रतिनिधि स्वतः रद्द भएको मानिनेछ।

६) नाबालक तथा विक्षिप्त शेयरधनीको तर्फबाट संरक्षकको रुपमा नाम दर्ता भएको व्यक्तिले सभामा भाग लिन सक्नुहुनेछ।

७) सभाको दिन सभा शुरु हुनुभन्दा पहिले नै उपस्थित भई दिनुहुन हार्दिक अनुरोध छ। सभाको सुरक्षार्थ खटिएका सुरक्षाकर्मीले सभा कक्षमा प्रवेश गर्नको आवश्यकतानुरुप सुरक्षा जाँच गर्नसक्ने हुदाँ सो कार्यमा सहयोग गरिदिनुहुन समेत अनुरोध गरिन्छ।

८) विशेष साधारण सभा सम्बन्धी अन्य सम्पूर्ण काम कारवाहीहरु कम्पनीको प्रबन्ध पत्र, निमावली तथा कम्पनी ऐन २०६३ बमोजिम हुनेछ।

९) यस विशेष साधारण सभा सम्बन्धमा थप जानकारी आवश्यक परेमा कार्यालय समय भित्र कम्पनीको केन्द्रिय कार्यालय, सुन्धारामा सम्पर्क राख्नु हुन अनुरोध गरिन्छ।

**संचालक समितिको आज्ञाले**
**कम्पनी सचिव**